**प्रश्न नं. ८५**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.१०२४८ देखि १०३६९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

जी. कुन्दाको जाहेरीले नेपाल सरकार

बिरुद्ध

कञ्चनपुर जिल्ल महेन्द्रनगर नगरिपालिका वडा नं. १८ बस्ने नन्दादेवी जोशी

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- नन्दादेवी जोशी महेन्द्रनगर मेडिकल कलेजको आवासीय निर्देशकको रुपमा काम गर्ने गरेको र सुब्बा राव मेनेजिङ डाइरेक्टरको रुपमा काम गर्ने गरेकोमा निजहरू बीच राम्रो सम्बन्ध नभएको, नन्दादेवी जोशीले समय-समयमा विवाद गरी राख्ने, मेडिकल कलेजलाई महेन्द्रनगर वाट धनगडी सार्ने अनावश्यक दवाव दिने गरेको र मेडिकल कलेजको प्रमुख शेयरधनि कुन्दालाई भारतमा लेखि पठाएको अग्रेजी नन्दा जोशिले पैसाको धाकले शिक्षा किन्न र व्यक्तिको वौद्धिका किन्न सक्दैन् । नन्दा जोशिको हामी दास होइन् , मडिकल कलेजमा राम्रो शिक्षा दिनु हाम्रो कर्तव्य भन्ने चिठिका वाटै उनिहरु विचको सम्वन्ध राम्रो नभएको र नन्दादेवीले कलेज वाट निकालेर छोडने धम्की समेत दिएको हुनाले मिति २०७५/८/५ का दिन विहान ९ बजे नन्दादेवी जोशीले छलफलको लागि नन्दादेविले घरमा वोलाएको हुनाले त्यहाँ जादैछु भनी फोन गरे आफनो सहकर्मि साथि मोदि प्रसाईलाई भनेको हुनाले कन्चनपुर जिल्ला महेन्द्रनगर न.पा. १८ जानकी टोल बस्ने श्रीमती नन्दादेवी जोशी, उनका छोरा लक्ष्मणराज जोशी उनका भान्से धर्मराज उपाध्याय, ड्राइभर गणेश पाण्ड्ये समेतका व्यक्तिहरूले एम. सुब्बा रावको हत्या गरकोमा पूर्ण विश्वास छ भन्ने समेत व्यहोराको ग्लोवल एजुकेशन फाउन्डेशन प्रा.लि.का प्रमुख शेयरधनि जी कुन्दाले मिति २०७५।८।१० गते जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा पेश गरेको जाहेरी दरखास्त ।
- जिल्ला कन्चनपुर महेन्द्रनगर न.पा.वडा नं.१८ जानकी टोलस्थित नन्दादेवी जोशीको घर आगनमा पूर्वतर्फ १८ फीटको दूरीमा वरण्डादेखि दक्षिण टाउको, उत्तर खुट्टा दायाँ आँखिभौंमा डेढ ईञ्च लम्वाई आधाईञ्च चौडाईको घाउ भई रगत निस्केको दायाँ हात कुमदेखि एक ईञ्च माथि पाखुरा भाँचिएको देखिएको, बाहिरबाट हेर्दा अन्य घाउ चोट नीलडाम केही नभएको अवस्थामा मृतक सुब्बा रावको लास रहेको र मृतकको खल्तिबाट महेन्द्रनगर पब्लिक लेखेको पर्चा फेला परेको भन्ने व्यहोराको घटनास्थल तथा लास जाँचप्रकृति मुचुल्का ।
- मृतक सुब्बा रावको शवपरीक्षण गर्दा Cause of death is rupture of lung with lacerate भन्ने उल्लेख भएको पोष्ट मार्टम रिपोर्ट ।
- निजहरुले म संग एक करोड रुपैया लिएका हुन र सो नतिर्ने मनसायले जाहेरवाला जी. कुन्दा समेतले मेरो नाउँमा किटानी जाहेरी दिएको हुनुपर्छ । मैले निज एम. सुब्बा रावलाई कर्तव्य गरी मारेको होइन, निज मेरो घर आएको थाहा भएन अन्य व्यक्तिले मान्छे खस्यो भनेर वाहिर हेर्ने

## प्रश्न नं. ८५

आउदा निजलाई देखेको हुनाले प्रहरीलाई खवर गरेको हुँ र मृतकको भाई एम. भी. ईश्वरलाई पनि मैलेनै खवर गरेको हुँ । यदि निजका भाइले मैले मारेको भए  म उपर तत्काल जाहेरी दिने थिए उनले म उपर कुनै जाहेरी दिएका छैनन् । मैले निज एम. सुब्बा रावसँग मेरो कुनै पूर्व रिसइवी तथा वादविवाद थिएन । निजलाई मैले फोन गरी घरमा बोलाएको होइन भन्ने व्यहोराको प्रतिवादी नन्दादेवी जोशीको अनुसन्धान अधिकारी समक्ष मिति २०७५।५।१३ भएको बयान ।

- मृतक सुब्बा रावको गोजिवाट फेला परेको Mahendranagar Public please retain medical collage at Mahendranagar I cannot be a slave to Nandaji भनी अङ्ग्रेजीमा लेखिएको कागज समेत पेश भएको ।
- हामीले एम.सुव्वा रावलाई मारेका छैनौ । हामी परिवारहरु अन्दाजी विहानको दश वजे खाना खादै थियौ । वोरा खसेजस्तो आवज गरेको हुनाले के खसेको रहेछ भनि हेर्दा मान्छे देखेका हौ । तल आई हेर्दा एम.सुव्वा रहेछन भन्ने नन्दा जोशि, छोरा लक्ष्मण जोशि , नन्दजोशिका सहयोगि लल्मण जोशी ले घटना स्थलमा गरेको कागज,
- मेरो घर नन्दाजोशिको पारि पटि हो ,मैले लुगा धोएर छतमा सुकाँउदा नन्दा जोशिको घरमा एउटा मानिस रेलिडमा झुणिएको जस्तो देखेर अव त्यो मानिस लडछ होला भन्दै थिए लडिहाल्यो सो व्यक्ति एम सुव्वा रहेछ,निजलाई कसैले मारेको होइन आफै सो मानिस खसेको भन्ने रिता मैनालीले गरेको कागज, त्यस्तै गरि वोरा जस्ता आवज आई केहि रहेछ भन्दा मानिस लडेको रहेछ भन्ने सुकमाया, कल्पना, चन्दु र रेशमले गरेको घटना विवरण काजग
- यसमा जी. कुन्दा समेतको जाहेरी दरखास्त, घटनास्थल प्रकृति विवरण, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन घटना घटेको तत्काल देख्ने व्यक्तिहरूले गरिदिएका कागज, घटनास्थल र लाससँग सम्बन्धित फोटोहरू, मिसिल संलग्न बुझिएका अन्य व्यक्तिहरूको बयान कागज समेतबाट मिति २०७५।१।२७ गतेका दिन प्रतिवादी नन्दादेवी जोशी र मृतकका बीच कलेजको लेनदेनको विषयलाई लिएर पूर्व रिसईवी भएकोमा निज मृतकलाई फोनद्वारा आफ्नो घरमा बोलाई आफू र आफ्ना सहयोगी लक्ष्मणराज जोशी, गणेशदत्त पाण्ड्ये, धर्मराज उपाध्याय समेत मिली मृतकलाई आफ्नो घरको माथिल्लो तलाको रेलिङ्गबाट खसाली भारतीय नागरिक एम. सुब्बा रावको हत्या गरेको पुष्टि हुन आएकोले मुलुकी अपराध सहिताको को परिच्छेद १२ को दफा १७७ को कसुरममा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँभन्ने अभियोग पत्र ।
- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- महेन्द्र नगर  जिल्ला अदालतबाट भएको फैसला
- दिपाएल उच्च अदालत  प्रस्तुत गरेको पुनरावेदनपत्र